
# नेपाल मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र (registration certificate) का लागि दरखास्त आवेदन गर्दा पूरा गर्नुपर्ने सर्त तथा विधिहरु

(२०७७/१०/१२)

कुनैपनि प्रमाणपत्रका लागि आवेदन गर्नका लागि प्रमाणपत्रहरु, दस्तुर तथा फोटोको डिजिटल प्रति आवश्यक हुनेभएकाले निम्नानसार पूर्वतयारी आवश्यक छ ।

**सामान्य जानकारी**

- अपलोड गर्नुपर्ने कागजात १ एमबी देखि २ एमबी वा १५० डीपीआईमा कलर स्क्यान गरेको हुनुपर्नेछ । श्याम-स्वेत रंगको, फोटो खिचेर पठाएको, चौकुना नमिलेको, अस्पष्ट, बांगोटिंगो प्रमाणपत्र मान्य हुनेछैन ।
- व्यक्तिको तस्विर : छ महिना भित्र खिचेको, रंगिन र डिजिटल रुपमा प्रशोधन वा परिवर्तन नगरेको, दुबै कान देखिने गरी सिधा क्यामरामा हेरेको, मुहारको हेराई प्राकृतिक भएको, प्राकृतिक वाहेक कुनै दाग नभएको, आँखा खुला हुनुको साथै स्पष्ट देखिने । यदि चस्मा लगाउनु पर्ने भएमा चस्माको फ्रेम पातलो र हलुका रंगको हुनुको साथै आँखा स्पष्ट देखिने र नटल्किएको । विशेष धार्मिक कारण बाहेक टाउको खुला भएको र गहना नलगाएको, तस्विरको पृष्ठभूमि साधा र हलुका रङ्ग भएको तथा बोर्डर नभएको । मुहारमा समानुपातिक रुपले उज्यालो भएको, छाँया नपरेको, प्रकाश ठीक मात्रामा भएको र फ्ल्यसका कारण आँखा रातो नभएको र फोकस मिलेको । तस्विरको साईज निम्नानुसार भएको ।




डिजिटल फोटो भए : आयताकार १२००×१२०० पिक्सेलको sRGB रंगिन, JPEG/JPG फर्म्याटमा २४० किलोबाईट भन्दा ठूलो वा उत्रै साईजको हुनुपर्ने छ ।

**कम्प्युटरमा एउटा फाइल/फोल्डर बनाएर त्यसमा निम्नलिखित कागजपत्रहरु माथि भनिएअनुसार स्क्यान गरेर राख्ने र भनिएअनुसार अफलोड गर्दै जाने ।**

**स्क्यान गरिनुपर्ने कागजातहरु (तह र आवश्यकता अनुसार)**

१. फोटो
२. नेपाली नागरिकताको प्रमाणपत्र (दुबै पन्ना)
३. एस.एल.सी./एस.ई.ई. देखि माथि आफुले हासील गरेका सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरू (विश्वविद्यालयबाट दिइने ट्रान्सकृप्ट र अन्तरिम/अन्तिम प्रमाणपत्र)- बार्षिक प्राप्तांक आवश्यक नपर्ने
४. ईन्टर्नसिप पूरागरेको प्रमाणपत्र
५. नेपाल मेडिकल काउन्सिलले प्रदान गरेका सबै दर्ता प्रमाणपत्रहरु (परीक्षण दर्ता, अस्थायी दर्ता, स्थायी दर्ता र विशेषज्ञ दर्ता) - प्राप्त गरेअनुसार ।

६. अध्ययन गरेको कलेज वा विश्वविद्यालयबाट छात्रबृत्ति वा नीजि वा कुन समुह अन्तर्गत अध्ययन गरेको हो सोको प्रमाणपत्र
७. छात्रबृत्तिमा अध्ययन गरेको भए फुकुवा पत्र (स्थायी दर्ताका लागि)
८. दुई बर्षको अनुभवको प्रमाणपत्र वा स्वयं घोषित पत्र (स्थायी दर्ताका लागि)
९. दर्ता प्रमाणपत्र (लाईसेन्स) परीक्षाको प्रवेशपत्र (एडमिट कार्ड)
१०. लाईसेन्स परीक्षा उत्तिर्ण भएको प्रमाण (वेबसाइटमा देखाइएको नतिजाको स्कृनसट फोटो)
११. दर्ताका लागि आवश्यक आवेदन फारम, कबुलियतनामा, प्रतिज्ञापत्र र विशेषज्ञ दर्ताको लागि पूर्वाधारहरु विवरण भरिएको फारम (आवश्यकता अनुसार)

**विदेशमा अध्ययन पूरा गर्नेको हकमा थप**

१२. काउन्सिलबाट प्रदान गरिएको इलिजिबिलिटी प्रमाणपत्र (परीक्षण दर्ताको सट्टामा)
१३. शिक्षा मन्त्रालयबाट प्रदान गरिएको नो अब्जेक्सन लेटर
१४. आवश्यकता अनुसार विदेश बसेको प्रमाणित हुने पासपोर्ट र भिषा
१५. आवश्यकता/तोकिएअनुसारको भाषा परीक्षा उत्तिर्ण प्रमाणपत्र (चीनमा अध्ययन गरी उपाधि हासिल गर्नेहरूको हकमा तोकिएको एचएसके प्रमाणपत्र)
१६. अध्ययन गरेको देशको भाषामा प्रदान गरिएका सबै प्रमाणपत्रहरु
१७. विदेशमा अध्ययन गर्दाका बखत प्रदान गरिएको सम्बन्धित देशको काउन्सिल दर्ता प्रमाणपत्र ( प्रदान गरिने प्राबधान भए)

## नेपाल मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र (registration) का लागि आवेदन दिँदा पुऱ्याउनु पर्ने प्रक्रिया :

१. नेपाल मेडिकल काउन्सिलको वेवसाइट www.nmc.org.np खोली FORMS भित्र गई login/sing up थिचेर आवश्यक विवरण भरी sign up गर्ने ।
२. sign up गरेपछि आफ्नो मोबाईलमा आएको OTP code राखी रुजु गर्ने । तपाईंको user ID मोबाईल नम्बरका आधारमा तयार हुनेछ ।
३. त्यसपछि आफ्नो user ID मा मोबाइल नम्बर र password राखी log in गर्ने । log in गरेपछि PROFILE पाना खुल्दछ ।
४. PROFILE पानामा दिईएका विकल्पहरु अस्थायी दर्ता/स्थायी दर्ता/विशेषज्ञ दर्ता/परीक्षा आवेदन मध्ये आफुलाई आवश्यक विकल्प छानी नेपाल मेडिकल काउन्सिलको लाईसेन्स परीक्षा दिएको मिति छानेर view result थिच्ने ।
५. आफ्नो नाम र लाईसेन्स परीक्षाको रोल नम्बर भरेर search गरेपछि परीक्षामा उत्तिर्ण भएको विवरणहरू देखिन्छन् । अनि apply for certificate मा थिच्ने ।
६. लाईसेन्स परीक्षाको फारम भर्दा राखिएको मोवाइल नम्बर वा इमेलमा पुनः OTP code प्राप्त हुनेछ । उक्त OTP Code भरेर confirm गरी submit गर्ने ।
७. खुलेको फाराममा क्रमशः राख्नुपर्ने आवश्यक विवरणहरू गल्तिनगरी भर्ने, प्रमाणपत्रहरु scan गरेर तोकिएको ठाउँमा attach गर्ने र submit गर्ने ।
८. दरखास्त शुल्क eSewa को माध्यमबाट तिर्ने । eSewa account हुनेको हकमा आफ्नो account log in गरि तिर्ने र eSewa account नहुनेले pay later मा click गरी प्राप्त token number लिई अन्य कसैको eSewa account बाट token number राखि दस्तुर तिर्ने ।

९. आफ्नो नामको user ID बाट log in गरेपछि आफुले दिएको आवेदनको प्रकारमा क्लिक गरि आफ्नो आवेदनको वर्तमान अवस्था बारे बुझ्न सकिनेछ । आवेदनको अवस्थाको अर्थ निम्नबमोजिम हुनेकुरा जानकारी गराईन्छ :

**Verification on process:** आवेदन रुजुहुन बाँकी छ। त्यस्तो आवेदन २ देखि ३ कार्यदिन भित्र रुजु हुनेछ।

**Incomplete:** अनलाइन फारम रद्द गरिएको छ। कुनै कागजात अपुगभई वा अन्य कारणबाट अनलाइन फारम रद्द गरिएको भए सोको कारणसहित इमेल मार्फत जानकारी गराइनेछ। इमेलमा पठाइएको edit लिंक बाट सूचना सच्याउन सकिनेछ। लिंक पठाएको ४८ घण्टाभित्र edit गरिसक्नु पर्नेछ, अन्यथा सो लिंक स्वत: निष्कृय हुनेछ। ४८ घण्टापछि edit गर्नु पर्ने भएमा यस काउन्सिलमा सम्पर्क गर्नु पर्नेछ।

**Approved:** आवेदन रुजुभई प्रमाणपत्र बन्ने प्रक्रियामा छ। प्रमाणपत्र रुजुभएको ५ देखि ७ कार्यदिन भित्र प्रमाणपत्र तयार हुनेछ।


**Verified:** प्रमाणपत्र तयार भयो। यसको १ देखि २ कार्यदिन भित्र प्रमाणपत्र लिन आउन एस.एम.एस.बाट जानकारी गराईनेछ। Verify भएको २ कार्यदिन भित्र सूचना प्राप्त नभएमा यस काउन्सिलमा सम्पर्क गर्नहुन समेत सूचित गरिन्छ।

**थप जानकारीका लागि सम्पर्क फोन नं. ४३७७१६४, ४३७१९५४**


**नमुना**

**www.nmc.org.np**


↓






↓




↓


Sign Up
Full Name
Full Name
Username (Mobile Number)
superadmin@nmc.org.np
Email
Email
Password
Password Confirmation
Confirm Password
REGISTER
Already have account? Sign I


Enter the OTP code that is sent to your email, or to your mobile number.
CONFIRMATION CODE
Submit


Profile
Temporary Registration
Permanent Registration
Special Registration
Apply Exams
Change Password
Logout

**दर्ता प्रमाणपत्र प्राप्त गर्नका लागि कार्यालयमा रुजु गराउनुपर्ने र बुझाउनुपर्ने कागजपत्रहरू**

***क) सक्कल प्रमाणपत्र/कागजपत्र***

**नेपालमा अध्ययन पूरा गरेका विद्यार्थीहरुका लागि**

१. नेपाली नागरिकताको प्रमाणपत्र

२. एस.एल.सी./एस.ई.ई. देखि माथि आफुले हासिल गरेका सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरू (ट्रान्सकृप्ट र अन्तिम प्रमाणपत्र)- बार्षिक प्राप्तांक आवश्यक नपर्ने ।

३. ईन्टर्नसिप पूरागरेको प्रमाणपत्र

४. नेपाल मेडिकल काउन्सिलले प्रदान गरेका सबै दर्ता प्रमाणपत्रहरु (परीक्षण दर्ता, अस्थायी दर्ता, स्थायी दर्ता र विशेषज्ञ दर्ता) - प्राप्त गरेअनुसार

५. अध्ययन गरेको कलेज वा विश्वविद्यालयबाट छात्रबृत्ति वा नीजि वा कुन समुह अन्तर्गत अध्ययन गरेको हो सो को प्रमाणपत्र

६. छात्रबृत्तिमा अध्ययन गरेको भए फुकुवा पत्र (स्थायी दर्ताका लागि)

७. दुई बर्षको अनुभवको प्रमाणपत्र वा स्वयं घोषित पत्र (स्थायी दर्ताका लागि)

**विदेशमा अध्ययन पूरा गरेका विद्यार्थीहरुका लागि**

१. नेपाली नागरिकताको प्रमाणपत्र

२. एस.एल.सी./एस.ई.ई. देखि माथि आफुले हासिल गरेका सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरू (ट्रान्सकृप्ट र अन्तिम प्रमाणपत्र)- बार्षिक प्राप्तांक आवश्यक नपर्ने ।

३. ईन्टर्नसिप पूरागरेको प्रमाणपत्र

४. नेपाल मेडिकल काउन्सिलले प्रदान गरेका सबै दर्ता प्रमाणपत्रहरु (अस्थायी दर्ता, स्थायी दर्ता र विशेषज्ञ दर्ता) - प्राप्त गरेअनुसार

५. अध्ययन गरेको कलेज वा विश्वविद्यालयबाट छात्रबृत्ति वा नीजि वा कुन समुह अन्तर्गत अध्ययन गरेको हो सो को प्रमाणपत्र

६. छात्रबृत्तिमा अध्ययन गरेको भए फुकुवा पत्र (स्थायी दर्ताका लागि)

७. दुई बर्षको अनुभवको प्रमाणपत्र वा स्वयं घोषित पत्र (स्थायी दर्ताका लागि)

८. काउन्सिलबाट प्रदान गरिएको इलिविबिलिटी प्रमाणपत्र

९. शिक्षा मन्त्रालयबाट प्रदान गरिएको नो अब्जेक्सन लेटर

१०. आवश्यकता अनुसार विदेश बसेको प्रमाणित हुने पासपोर्ट र भिषा

११. अध्ययन गरेको देशको भाषामा प्रदान गरिएका सबै प्रमाणपत्रहरु

१२. विदेशमा अध्ययन गर्दाका बखत प्रदान गरिएको सम्बन्धित देशको काउन्सिल दर्ता प्रमाणपत्र (प्रदान गरिने प्राबधान भए)

***ख) सक्कल बमोजिम नक्कल ठीक छ भनि आफैले समेत प्रमाणित गरेको फोटोकपीहरु***

१. माथि उल्लेख भएबमोजिम बुझाउनु पर्ने सबै सक्कल प्रमाणपत्र तथा कागजातका फोटोकपीहरु १/१ प्रति

***ग) अन्य कागजपत्रहरु***

१. दर्ताका लागि आवश्यक आवेदन फारम, कबुलियतनामा, प्रतिज्ञापत्र र विशेषज्ञ दर्ताको लागि पूर्वाधारहरु विवरण भरिएको फारम (आवश्यकता अनुसार)

२. दर्ता प्रमाणपत्र (लाईसेन्स) परीक्षाको प्रवेशपत्र (एडमिट कार्ड)

३. लाईसेन्स परीक्षा उत्तिर्ण भएको प्रमाण (वेबसाइटमा देखाइएको नतिजाको स्कृनसट फोटो)

४. विवरण भरेपछि तयार भएको नमुना प्रमाणपत्र (स्याम्पल सर्टिफिकेट)

५. ईसेवा मार्फत भुक्तानी गरेको भुक्तानी रसिद

**थप जानकारी**

- प्रमाणपत्र तयार भएको जानकारी एस.एम.एस. मार्फत गराइनेछ ।
- सक्कल प्रमाणपत्रहरु, बायोमेट्रिक हाजिर, फोटो तथा नमूना हस्ताक्षर रुजु गरेपश्चात मात्र प्रमाणपत्र उपलब्ध गराइने हुनाले काउन्सिलबाट जारी हुने प्रमाणपत्र लिनको लागि सम्बन्धित चिकित्सक स्वयं उपस्थित हुनुपर्नेछ ।
- नमुना प्रमाणपत्रमा गल्ती देखिएमा लगइन गरी आँफैले सच्याउन सकिनेछ । तर रुजु भै काउन्सिलबाट तयार भएको प्रमाणपत्र सच्याउनु परेमा **रु. एकहजार** दस्तुर लाग्नेछ ।
- परीक्षाको प्रवेशपत्र हराएमा प्रतिलिपीका लागि **रु. पाँचसय** दस्तुर लाग्नेछ ।
- एकपटक सक्कल रुजु गराईसकिएको प्रमाणपत्र पुनःरुजु गराउनु पर्नेछैन । तर काउन्सिलले आवश्यक ठानेमा सम्बधित व्यक्तिसंग कुनैपनि बखत सक्कल प्रमाणपत्र मागगर्न सक्नेछ ।
- परीक्षण दर्ता प्रमाणपत्र नेपालमा अध्ययन गर्ने विद्यार्थीहरूलाई इन्टर्नसीप अवधिका लागि प्रदान गरिने भएको हुनाले विदेशमा अध्ययन गर्नेहरुको हकमा परीक्षण दर्ता प्रमाणपत्र प्रदान गरिँदैन । यसको बदलामा योग्यता प्रमाणपत्र (इलिजिविलिटी प्रमाणपत्र) बुझाउनु/अपलोड पर्नेछ ।
- **नेपाल मेडिकल काउन्सिलले परीक्षण, अस्थायी, स्थायी तथा विशेषज्ञ चिकित्सक दर्ता प्रमाणपत्रहरू नयाँ डिजाइन सहितको स्वरूपमा प्रदान गर्न शुरुगरेको व्यहोरा सार्वजनिक भैसकेको छ । नयाँ डिजाइनको प्रमाणपत्रमा अघिल्लोपटक प्रदान गरिएका सबै प्रमाणपत्रहरुको विवरण समेत उल्लेख हुने हुनाले अस्थायी दर्ता प्रमाणपत्र लिने बेलामा परीक्षण दर्ता प्रमाणपत्र, स्थायी दर्ता प्रमाणपत्र लिने बेलामा अस्थायी दर्ता प्रमाणपत्र, विशेषज्ञ दर्ता प्रमाणपत्र लिने बेलामा स्थायी दर्ता प्रमाणपत्र र थप विशेषज्ञ दर्ता प्रमाणपत्र लिने बेलामा विशेषज्ञ दर्ता प्रमाणपत्रको सक्कलै प्रति काउन्सिलमा फिर्ता बुझाउनु पर्नेछ । कुनै कारणवश फिर्ता बुझाउनुपर्ने सक्कल प्रमाणपत्र साथमा नभएको/हराएको/नासिएको अवस्थामा तोकिएको प्रक्रिया पूरा गरी सोको नक्कल प्रति (कपी अफ ओरिजिनल) लिएर काउन्सिलमा बुझाउनु पर्ने छ ।**

++++